म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१५ अङ्कः- १९८ २०८१ जेठ २८ गते सोमबार 10 June 2024, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

**तातोहावा 'लु' का असर तथा लक्षण**

- हृदयको गति तीव्र हुने,
- श्वासप्रश्वास र रक्तचाप कम हुने,
- शरीरबाट पसिना ननिस्कने
- टाउको अत्याधिक दुख्ने,
- चक्कर लाग्ने, अचेत हुने,
- १०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने,
- छाला सुख्खा, रातो र तातो हुने

यस्ता असरहरु देखिएमा तुरुन्त नजिकैको अस्पताल जाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# बागमतीका सांसदलाई ३ करोडका योजना

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले बजेटलाई सन्तुलित गर्न सांसदहरुलाई योजनामार्फत् बजेट दिने तयारी गरेको छ । प्रदेश सरकारले मन्त्रालयगत बजेट सिलिङ घटाएर सांसदहरुका योजनामा बजेट दिने तयारी गरेको हो ।

सांसद विकास कोष तथा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमलगायतका योजनामा ठूलो अंकको बजेट राख्ने र सांसदको तजविजमा बाँड्ने प्रवृत्तिको विरुद्धमा सर्वोच्च अदालतले रोक लगाएपछि प्रदेश सरकारले नयाँ ढंगबाट सांसदलाई बजेट दिने तयारी गरेको हो । सत्तारुढ दलका एक सांसदका अनुसार सरकारले प्रतिसांसद ३ करोड रुपैयाँको दरले बजेट दिनेगरी पत्राचार गरेको छ ।

सांसदहरुले पेश गरेको योजनाहरुमध्ये अधिकतम ३ करोड रुपैयाँसम्म बजेट कार्यक्रममा समावेश गर्ने सरकारको तयारी रहेको उहाँले बताउनुभयो । सरकारले माग गरेअनुसार सांसदहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र विषयगत मन्त्रालयमा योजना बुझाइरहेका छन् ।

निर्वाचन क्षेत्र केन्द्रित कार्यक्रम, स्थानीय तहले माग गरेको कार्यक्रम र कार्यकर्ताले माग गरेअनुसारको कार्यक्रमहरु समावेश गरी आ-आफ्नो लेटर हेडमा सांसदहरुले योजना पेश गरेका हुन् । प्रदेशका ११० सांसदहरुका योजनामा सरकारले ३ अर्ब ३० करोड रुपैयाँ खर्च गर्ने तारी गरेको हो ।

ती सांसदका अनुसार प्रदेश सरकारको बजेटमाथि चालु आर्थिक वर्षमा भएको विवाद समाधान गर्न उक्त व्यवस्था ल्याइएको हो । बजेट सन्तुलित र विवादरहित बनाउने चलाखीअनुसार सरकारले सो योजना अघि बढाएको सांसदको भनाइ छ । प्रदेश सरकारलाई बजेट सन्तुलित बनाउनुपर्ने चुनौतीका बिच सांसदका योजना अघि सारिएको बताइएको छ ।

प्रदेश सरकारले चालु आर्थिक वर्षमा गत आर्थिक वर्षमा तिर्न बाँकी रहेको दायित्व पूरा गर्ने, क्रमागत र बहुवर्षे आयोजनामा बजेट विनियोजान गर्ने तयारी गरेको छ । सरकारले बजेटलाई निर्वाचन क्षेत्र र स्थानीय तहमा केन्द्रित गरेको ती सांसदको भनाइ छ । प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमा नयाँ कार्यक्रम थप नगर्ने रणनीति लिएर अघि बढेको उहाँको भनाइ छ । सरकारले नयाँ ढंगको कार्यक्रमहरुमा बजेट विनियोजन गर्ने र नागरिकहरुले महसुस गर्ने प्रकृतिको योजनामा लगानी गर्ने तयारीअनुसार बजेट निर्माण गरिरहेको उहाँले बताउनुभयो ।

प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाका अनुसार प्रदेश सडक गुरुयोजनाअनुसार प्रदेशका ३ सय ५० बढी सडकमा सरकारे लगानी गर्ने र पक्की सडकको रुपमा विकास गर्नेछ । समुदायमा आधारिक कृषि उत्पादन तथा बजारीकरणमा लगानी गर्ने सरकारको तयारी रहेको मन्त्री थपलियाको भनाइ छ । प्रदेश सरकारले लगानी गरेको क्षेत्रमा औचित्य पुष्टि हुने र उपलब्धी देखिने गरी काम गर्ने तयारी गरेको उहाँले बताउनुभयो ।

प्रदेश सरकारले आगामी असार १ गते बजेट ल्याउने तयारी गरेको उहाँले जानकारी दिनुभयो । नीति तथा कार्यक्रम अनुकूल हुनेगरी प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट कार्यक्रम १ गते संसदमा प्रस्तुत गर्नेगरी तयारीलाई तिव्र पारेको उहाँको भनाइ छ । प्रदेश सरकारले चालु आर्थिक वर्षको हाराहारीमा बजेट ल्याउने तयारी गरेको उहाँले बताउनुभयो ।

प्रदेशको आन्तरिक स्रोतको उच्चतम प्रयोग गरेर व्यवहारिक र नागरिक लक्षित कार्यक्रम ल्याउने तयारी गरेको उहाँको भनाइ छ । आर्थिक संकटका कारण प्रदेशको राजस्व संकलन र संघीय सरकारको अनुदानसमेत कटौती भएकाले प्रदेश सरकारको बजेटको आकार घटाउने तयारी गरेको थियो । तर, बजेटमा सन्तुलन कायम गर्न र सांसदहरुको मागअनुसारको कार्यक्रम समावेश गर्नुपर्ने बाध्यताका कारण सरकारले चालु आर्थिक वर्षकै हाराहारीमा बजेट ल्याउने तयारी गरेको हो । आर्थिक तरलता, न्यून आन्तरिक आय र संघीय सरकारबाट प्राप्त हुने अनुदान रकम कटौती भएकाले चालु आर्थिक वर्षको हाराहारीमा बजेट ल्याउने तयारी गरेको उहाँले बताउनुभयो ।

प्रदेशलाई घाटाको बजेट ल्याउने अधिकार नरहेकाले सोहीअनुसार आन्तरिक स्रोतको परिचालन अधिकतम गरी बजेट ल्याउने तयारी गरेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका एक कर्मचारीले बताउनुभयो । वैदेशिक तथा आन्तरिक ऋण लिन पनि संघीय सरकारको स्वीकृति आनिवार्य रहेकाले वर्तमान अवस्थामा बजेटको आकार बढाउन मुस्किल रहेको र सन्तुलित तथा समानुपातिक बजेट विनियोजनका लागि चालु आर्थिक वर्षको हाराहारीमा बजेट ल्याउने तयारी गरेको उहाँले बताउनुभयो । प्रदेश सरकारले आन्तरिक स्रोतको परिचालन गरी ६० अर्ब रुपैयाँ बराबरको बजेट ल्याउने तयारीमा जुटेको उहाँको भनाइ छ ।

सत्ता समिकरणमा एमालेले विगतको बजेटको अवस्थालाई मूल्यांकन गरी आकार बढाउने प्रयत्न गरे पनि सम्भव हुन नसकेको उहाँले बताउनुभयो । उहाँका अनुसार हाल प्रदेश सरकारको आन्तरिक राजस्व संकलन दर ५० प्रतिशतसमेत पुग्न नसकेकाले बजेटको आकार बढ्न सक्ने अवस्था छैन । राजस्व शीर्षक प्रदेशको एकल अधिकार सूचीमा कृषि क्षेत्रमात्र रहेको र सो क्षेत्रमा सरकारले कर लगाउन सक्ने अवस्था नरहेको उहाँको भनाइ छ ।

प्रदेश सरकारले चालु आर्थिक वर्षमा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँको बजेट विनियोजन गरेको थियो । प्रदेश सरकारले चालुतर्फ २६ अर्ब ७० करोड २७ लाख ६९ हजार रुपैयाँ, पुँजीगततर्फ ३५ अर्ब ५० करोड ६३ लाख ९ हजार रुपैयाँ र वित्तीय व्यवस्थापनतर्फ ५० करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो । प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमा ठूला र वृहत् प्रकृतिका योजना तथा जनताको जीवनस्तर सँग जोड्ने कार्यक्रमलाई समेट्ने तयारी गरेको छ । आगामी आर्थिक वर्षको बजेटले कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य र रोजगारी सृजना सरकारको मुख्य प्राथमिकतामा रहेको जनाइएको छ ।

# ईआइए प्रतिवेदन पेश नगर्ने २ सरकारी कार्यालयलाई जरिवाना

समाज संवाददाता

हेटौंडाः सरकारी कार्यालयहरुले नै वातावरणीय अध्ययन प्रतिवेदन (ईआइए) पेश नगरेको पाइएको छ । बागमती प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालयका अनुसार २ सरकारी कार्यालयले ईआइए प्रतिवेदन पेश नगरेको पाइएको हो ।

मन्त्रालयका अनुसार सिन्धुपाल्चोकको चौतारा रंगशाला र मकवानपुरको गौरीटार रंगशाला निर्माण आयोजनाले ईआइए प्रतिवेदन तयार नगरी संरचना निर्माण गरेका हुन् । ईआइए प्रतिवेदन पेश नगरी संरचना बनाउने उक्त आयोजनालाई मन्त्रालयले जरिवानासमेत गरेको छ ।

मन्त्रालयका अधिकृत सञ्जीव सुवेदीका अनुसार चौतारा रंगशाला निर्माण आयोजनाको नियामक निकाय काभ्रेको भैंसेपाटीस्थित सार्वजनिक निर्माण कार्यान्वयन इकाई र गौरीटार रंगशाला निर्माण आयोजनाको नियामक निकाय धादिङको गजुरीस्थित सार्वजनिक निर्माण कार्यान्वयन इकाईले संरचना निर्माण पूर्वईआइए प्रतिवेदन पेश नगरेकाले जरिवाना गरिएको हो । ईआइए स्वीकृत भएपछि मात्र आयोजना कार्यान्वयन अघि बढ्ने कानुनी व्यवस्था रहेकोमा उक्त सरकारी कार्यालयले कानुनको परिपालना नगरेको पाइएकाले जरिवाना गरिएको उहाँले बताउनुभयो ।

ईआइएले कुनै आयोजना निर्माण गर्दा वातावरणमा प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा विस्तृतरुपमा अध्ययन गरिने उहाँको भनाइ छ । कुनै पनि ठूला आयोजना वा भवन संरचना निर्माण कार्यान्वयन गर्दा आयोजना क्षेत्रको भौतिक, जैविक तथा सामाजिक वातावरणमा दीर्घकालीनरुपमा पार्ने प्रतिकूल प्रभावलाई सम्बोधन गर्न ईआइए अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने उहाँले बताउनुभयो ।

सार्वजनिक निर्माण कार्यान्वयन इकाई धादिङले प्रस्ताव गरेको हेटौंडा-६ स्थित निर्माणाधीन गौरीटार रंगशाला र सार्वजनिक निर्माण कार्यान्वयन इकाई काभ्रेले प्रस्ताव गरेको सिन्धुपाल्चोकस्थित चौतारा रंगशाला आयोजनामा ईआइए प्रतिवेदन पेश नगरेको उहाँले बताउनुभयो । ईआइए प्रतिवेदन पेश नगरेपछि उक्त कार्यालयहरुलाई जरिवाना गएिको अधिकृत सुवेदीले बताउनुभयो । ईआइए प्रतिवेदन पेश नगरेको भन्दै दुबै कार्यालयलाई १०/१० लाख रुपैयाँ जरिवाना गरिएको उहाँको भनाइ छ ।

अधिकृत सुवेदीका अनुसार हाल दुबै कार्यालयले ईआइए प्रतिवेदन पेश गरेको छ । ईआइए पेश भएसँगै उक्त प्रतिवेदन स्वीकृतिको चरणमा रहेको र दुबै रंगशाला आयोजनको निर्माण कार्य अघि बढेको छ । बागमती प्रदेश खेलकुद विकास परिषद्ले अहिले गौरीटार रंगशालामा अन्तर्राष्ट्रियस्तरमो क्रिकेट रंगशाला र स्वीमिङ पुल निर्माण कार्य गरिरहेको छ ।

# ३ निजी आयोजनालाई ६६ लाख जरिवाना

समाज संवाददाता

बागमती प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालयले ईआइए स्वीकृत नगरी संरचना निर्माण गर्ने ३ निजी आयोजनालाई ६६ लाख रुपैयाँ जरिवाना गरेको छ । मन्त्रालयले आदर ट्रेड मल निर्माण आयोजना काठमाडौं, व्यापारिक मल निर्माण आयोजना काठमाडौं र गुड कर्म अपार्टमेन्ट काठमाडौंलाई ईआइए नगरी संरचना निर्माण गरेको भन्दै जरिवाना गरेको हो ।

मन्त्रालयले आदर ट्रेड मल निर्माण आयोजना काठमाडौंको सञ्चालक संस्था आदर मल्टिइन्भेष्टमेन्ट कम्पनी प्रालिलाई ईआइए नगरी संरचना निर्माण गरेको भन्दै २५ लाख रुपैयाँ जरिवाना गरेको हो । जरिवानापश्चात् सो कम्पनीले ईआइए प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गरेको थियो । कम्पनीले पेश गरेको उक्त प्रतिवेदन स्वीकृत भइसकेको मन्त्रालयका अधिकृत सञ्जीव सुवेदीले बताउनुभयो ।

अधिकृत सुवेदीका अनुसार ईआइए प्रतिवेदन तयार नगरी संरचना बनाउने व्यापारिक मल निर्माण आयोजना काठमाडौंका सञ्चालक सुशीलमान गुरुङलाई ११ लाख रुपैयाँ जरिवाना गरेको छ । जरिवानापश्चात् उक्त आयोजनाको ईआइए प्रतिवेदन पेश भएको र मन्त्रालयबाट स्वीकृत गरिएको उहाँले बताउनुभयो ।

ईआइए प्रतिवेदन नबनाई संरचना निर्माण गर्ने गुड कर्म अपार्टमेन्ट काठमाडौंका सञ्चालक संस्था गुड कर्म ग्रुप अफ कम्पनीज प्रालिलाई मन्त्रालयले ३० लाख रुपैयाँ जरिवाना गरेको छ । जरिवानापश्चात् सो कम्पनीले ईआइए प्रतिवेदन मन्त्रालयमा पेश गरेको र स्वीकृतिको चरणमा रहेको उहाँले बताउनुभयो ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)


खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७




PTE/Ielts

युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान ।



Laya Shrestha



Pradip Adhikari

उत्कृस्ट जापानिज भाषा को लागि IDB Hetauda Education Consultancy !!
जहाँ जापानबाट फर्कनु भएको अनुभवी शिक्षकहरुद्वारा अध्यापन गराइने



सम्पर्क : ०५७-५९०६४५
९८०२३७१४४४
ठेगाना : स्कूलरोड, हेटौंडा-४
पुजन प्लाजा तेस्रो तल्ला

IDB Education Consultancy pvt Ltd

हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं
- जस्तापाता लगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षिंत ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

ज्ञान बहादुर श्रेष्ठ
का.वा. अध्यक्ष तथा
१२ नम्बर वडा कार्यालय परिवार

हेटौंडा, मकवानपुर

## सम्पादकीय

# यथार्थपरक बजेटको आशा

नेपालमा प्रत्येक साउन १ गतेबाट नयाँ आर्थिक वर्ष सुरु हुन्छ । नयाँ आर्थिक वर्ष सुरु भएसँगै सरकारले नयाँ बजेट कार्यान्वयन गर्छ । संघीयता कार्यान्वयनमा गएसँगै मुलुकमा ३ तहको सरकारले नयाँ आर्थिक वर्षका लागि जेठ र असारमा बजेट सार्वजनिक गर्दछन् । संवैधानिक व्यवस्थाअनुसार संघीय सरकारले प्रत्येक वर्ष जेठ १५ गते संघीय व्यवस्थापिकाको संयुक्त बैठकमा बजेट पेश गर्दछ । यस्तै, प्रदेश सरकारहरुले असार १ गते प्रदेशसभा बैठकमा बजेट पेश गर्दछन् भने स्थानीय सरकारले असार १० गतेभित्र गाउँ/नगरसभामा बजेट पेश गर्नुपर्छ । आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि संघीय सरकारको बजेट सार्वजनिक भइसकेको छ । सातवटै प्रदेश सरकारले अहिले बजेट तयारी तिब्र बनाइरहेका छन् । यस्तै, स्थानीय सरकार पनि बजेट तयारीमा जुटिरहेका छन् ।

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ६० अर्ब रुपैयाँ हाराहारीको बजेट ल्याउने तयारी गरिरहेको छ । चालु आर्थिक वर्षमा करिब ६३ अर्ब रुपैयाँको बजेट ल्याएको प्रदेश सरकारले आर्थिक संकुचनका कारण बजेट रकममा केही कटौती गर्ने तयारी गरेको हो । बजेट बनाइरहेको प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सरकारको आन्तरिक आय र संघीय सरकारबाट प्राप्त हुने अनुदान रकमसमेत कटौती भएकाले बजेट प्रभावित हुने बताएको छ । बजेटको अंक घटे पनि व्यवस्थित र व्यवहारिक ढंगबाट बजेट ल्याउने दावी मन्त्रालयको छ । परम्परागत शैलीलाई तोडेर नागरिकमैत्री बजेट निर्माण भइरहेको भने पनि बजेट सार्वजनिक नहुँदासम्म विश्वास गर्ने अवस्था रहँदैन । ठूला र वृहत् प्रकृतिका योजनासँगै जनताका जीवनस्तरसँग जोड्ने कार्यक्रम आगामी वर्षको बजेटमा समावेश गर्ने मन्त्रालयले तयारी गरेको छ । शिक्षा, स्वास्थ्य, रोजगारी सृजनालाई केन्द्रमा राखेर उत्पादन र उत्पादकत्व वृद्धि, आर्थिक उपार्जन, उद्यमशीलता विकास, सीप विकासजस्ता क्षेत्रलाई बजेटको प्राथमिकतामा राखिएको दावी मन्त्रालयको छ ।

प्रदेश सरकारले विगतका वर्षहरुमा घोषणा र कार्यान्वयन गरेका कयौं योजना तथा कार्यक्रम अलपत्र छन् । प्रदेशलाई माछामासु, दुग्धपदार्थ, तरकारी, खाद्यान्नजस्ता कृषि उत्पादनमा आत्मनिर्भर बनाउने नीति तथा कार्यक्रमको उपलब्धी के भयो ? प्रदेशका प्रमुख शहरमा विसं २०८५ सालसम्म पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधन विस्थापित गर्ने नीति तथा कार्यक्रम कहाँ पुग्यो ? प्रदेश सरकारले विद्युतीय बस चलाउने योजना के भइरहेको छ ? प्रदेश चक्रपथको निर्माण कति भयो ? भीमफेदी-कुलेखानी सुरुङ निर्माण किन सुरु हुन सकेन ? बजेट निर्माणको क्रममा प्रदेश सरकारले यस्ता प्रश्नमा समीक्षा गर्नुपर्छ । प्रदेश सरकारले विगतमा प्राथमिकतामा राखेका शिक्षा, स्वास्थ्य, उद्योग, कृषि, पर्यटनलगायत क्षेत्रका कार्यक्रमहरु कति सम्पन्न भए र त्यसबाट के उपलब्धी हासिल भयो भन्नेमा पनि प्रदेश सरकारले मूल्यांकन गर्नु आवश्यक छ । आगामी वर्षको बजेटलाई यथार्थपरक र प्रभावकारी बनाउन विगतका उपलब्धी र कमजोरीको मूल्यांकन र समीक्षा हुनैपर्छ ।

संघीयता कार्यान्वयनको महत्वपूर्ण तहको रुपमा प्रदेशलाई लिइएको छ । केन्द्रीय सरकार र स्थानीय निकाय विगतको एकात्मक शासन व्यवस्थामा पनि थिए । तर, संघीयताको वास्तविक अनुभूति प्रदेश सरकारको काम कारबाहीबाटै देखिन्छ । प्रदेश सरकारले आम नागरिकको आशाअनुसार काम गर्न नसकिरहेको अवस्थामा नीति, कार्यक्रम र बजेटलाई यथार्थपरक बनाउनैपर्छ । संघीय सरकारले कतिपय आवश्यक कानुन बनाउन नसकेको र प्रदेशले पाउनुपर्ने सबै अधिकार नपाएको कारण प्रदेश सरकारलाई काम गर्न केही बाधा पुगेको छ । तर, भएको स्रोत, साधन, अधिकार र जिम्मेवारीलाई पनि प्रदेशले सदुपयोग गर्न सकेको पाइँदैन । प्रदेश सरकार स्थिर हुन नसक्दा प्रदेशको आवश्यकता र आचित्यमाथि नै प्रश्न उठ्न थालेको छ । यसको प्रभाव सरकारको नीति, कार्यक्रम र बजेटमा पनि पर्नसक्ने भएकाले प्रदेशको बजेट सन्तुलित र यथार्थपरक हुनेमा विश्वस्त हुन सकिने अवस्था छैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |


## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : पढाइ–लेखाइमा सरिक भइने समयको योग छ । |
| **वृष** | : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ । |
| **मिथुन** | : धार्मिक काममा सरिक भइने समय योग छ । |
| **कर्कट** | : इष्टमित्रको सहयोग प्राप्त हुने समयको योग छ । |
| **सिंह** | : अध्ययन–अध्यापनका काममा सरिक भइने समय योग । |
| **कन्या** | : साथी संगतले मन बिचलित होला । |
| **तुला** | : विद्या र प्रतिस्पर्धाबाट लाभ प्राप्त होला । |
| **वृश्चिक** | : धार्मिक र सामाजिक कामबाट लाभ प्राप्त । |
| **धनु** | : प्रेमका कोपिलाहरु फक्रिएर जालान् । |
| **मकर** | : माया प्रेममा विश्वास बढेर जाने समयको योग छ । |
| **कुम्भ** | : आफू भन्दा ठूलाको आदेश शिरोपर गर्दा राम्रो । |
| **मीन** | : अध्ययन अध्यापन कार्यमा सरिक भइने समय छ । |

# व्यवसायमुखी कृषि



**आदित्य पराजुली**

कृषि भन्नाले केहि पनि फल, तरकारी, आदि रोपेर त्यसलाई हेरचाह गर्ने र त्यसलाई खान लायकको बनाउने भन्ने बुझिन्छ । कृषि भन्नाले तरकारी र फलमात्र नभएर बाख्रा पालन वा पशु पालन भन्ने पनि बुझिन्छ । नेपाल एक कृषिप्रधान देश हो । यहाँको जमिन र ठाउँ कृषियोग्य भएता पनि नेपाल गरिब देशको सूचीमा पर्दै आएको छ ।

कृषिअन्तर्गत पनि धेरै प्रकार पर्दछन् । आफ्नो परिवारले खानका निम्ति गरिने कृषि एक प्रकारको हुन्छ भने अर्को भनेको व्यवसायमुखी कृषि रहेको छ । कृषिलाई नै आफ्नो पेशा बनाउने र कृषिबाट आम्दानी गर्ने सोचेका साथ गरिने कृषि नै व्यवसायमुखी कृषि हो । आजभोलिको समयमा कृषि पेशा नराम्रो हो र यो निच व्यक्तिले गर्ने कुरा हो भन्ने जस्ता कुरा हाम्रो समाजको मानसिकता रहेको छ । गहिरिएर सोच्दा र केही अनुसन्धान गर्दा त्यही निच काम गरेर इजरायलजस्ता देशहरू धनि र विकसित बनिरहेका छन् । जहाँ कृषिप्रधान भनिएको नेपालका युवाहरू विदेशिन बाध्य भइरहेका छन् । विदेशी मुलुकहरूमा हेर्ने हो भने यहि व्यवसायमुखी कृषिले नै त्यहाँको युवाहरुलाई देशमा अड्याएर राखेको छ ।

व्यवसायमुखी कृषि गर्न सुरुवातमा गाह्रो भएता पनि केही समयपश्चात् सजिलो हुनुका साथै मानिस, परिवारको अर्थतन्त्रमा पनि यसले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । व्यवसायमुखी कृषिअन्तर्गत पनि यदि हामीले अघि बढ्ने हो भने अवश्यरूपमा राम्रो आम्दानी हुनसक्छ । नेपालमा कृषि र व्यवसायमुखी कृषिलाई घृणा गर्नुको मुख्य कारण भनेको जनचेतना नहुनु रहेको छ । नेपालका मानिसहरुले तालिम प्राप्त गर्न नसकेर पनि व्यावसायिकरूपमा कृषि पेशा अपनाउन सकिरहेका छैनन् ।

कृषिलाई पेशागतरूपमा अघि बढाउन चाहने हो भने सरकार र सत्ताको आडमा आसिन भएर बसेकाहरुको पनि केही साथ र सहयोग पाउनुपर्ने देखिन्छ । यदि राज्य र सरकारको तर्फबाट कृषिलाई अगाडि बढाउनका निम्ति केही पहल गर्ने हो भने, कृषिको लागि लाग्ने औजार, बिउ बिजन आदि प्रदान गरेर कृषि क्षेत्रमा लाग्नको निम्ति मानिसलाई प्रेरित बनाउने हो भने अवश्य कृषि क्षेत्रमा नेपालले केही फड्को मार्न सक्छ । आवश्यक कृषि क्रान्तिको रहेको छ । आवश्यक मानसिक विकासको रहेको छ । त्यसपश्चात् मात्र कृषिप्रधान देशको सपना पूरा भएको हेर्न सकिन्छ ।

*सिद्धार्थ शिशु सदन*
*हेटौंडा-५, सानोपोखरा*

# प्रकृतिमा निहित अर्थतन्त्र !



**प्रा.डा. हरि शर्मा**



यस वर्ष मुलुकमा अलिक अस्वाभाविक किसिमले गर्मी बढेको सबैले अनुभव गरे । गत शुक्रबार नेपालगन्जमा ४२ डिग्री सेल्सियस र धनगढीमा ४२.५ डिग्री सेल्सियस गर्मी रहेको मौसम तथा जलवायु विभागले समाचार प्रकाशित गरेको थियो ।

मधेस प्रदेशमा ४३ डिग्रीको गर्मीलाई पनि सामान्य रूपले लिँदै त्यहाँका गरिब मजदुर वर्गले भट्टाअगाडि नै इँटा बोकेर काम गरिरहेका तस्बिर समाचारपत्र र सामाजिक सञ्जालहरूमा देखियो । वार्षिक आय १४ सय डलर हुने दीनदुःखी नेपालीहरुको आर्थिक अवस्थाका बारे सरकार कत्तिको चिन्तित रहेछ, त्यो पनि गत साता अर्थमन्त्रीले प्रस्तुत गर्नुभएको बजेटले छर्लङ्ग पारिदिएको छ । अर्थविद्हरूले त्यस बजेटलाई सत्ता टिकाउने वितरणमुखी बजेट पनि भने । ठीकै हो कि जस्तो अनुभव भयो । राष्ट्रको आयलाई नजरअन्दाज गरी विश्वका अन्य विकसित राष्ट्रहरुको नक्कल, के आधारमा गर्नुपरेको होला ? आखिर हामी पिछडिएकै रहेछौं, स्विकार्न करै लाग्यो ।

गत साता हाम्रो मौसम विभागले सम्पूर्ण देशवासीको सञ्चेतनाका लागि जलवायु परिवर्तनका कारण हाम्रा मित्रराष्ट्रहरुमा जस्तै नेपालमा पनि कल्पनातीत रुपले गर्मी बढेको यथार्थलाई हृदयंगम गरेर गर्मीबाट बच्ने अत्यन्तै उपयोगी सूचना सामग्री बुँदागत रूपमा जनसमक्ष ल्यायो, त्यो स्वागतयोग्य विषय हो ।

२०३६ सालको नीलो-पहेंलोको द्वन्द्वकालमै सुनिएको थियो, भारतमा रेल-लाइन ओछ्याउन नेपालबाट ढुंगा र असीमित काठको निर्यात हुने गरेको बारे । त्यसपछि मुलुक झन्-झन् अस्थिरताको पथ चहार्दै अघि बढिरहेको अवस्थामा नेपालको बजेट ३-४ अर्बको आउँदा सामान्य जनता झस्किएको पनि देखिएकै हो । त्यसै क्रममा २०४२, २०४६ हुँदै मुलुकको अस्थिर राजनीति चरमोत्कर्षमा पुगिसकेको थियो । गृहयुद्ध नै प्रारम्भ भयो । दशक लामो द्वन्द्वकालले नेपाललाई (भन्नुको अर्थ हाम्रो राजनीतिक, आर्थिक एवं सामाजिक अवस्थालाई) हिनामिना हुनबाट बचाउने कोही भएन ।

यदाकदा जलवायु परिवर्तनका गफ पनि सुनिन्थे । तर, विश्व वातावरण दिवस (जुन ५) का दिन रुख रोप्ने संघ, संस्था र पञ्चायतहरूको लर्को लाग्थ्यो । सन् १९८५ अन्तर्राष्ट्रिय युवा वर्ष मनाउने क्रममा हालको कुलेखानीमाथिको भू-भागमा राजपरिवारसहित देशभक्त नेपाली युवा तथा जापानको गैरसरकारी संस्था 'ओइस्का' को संलग्नतामा त्यहाँ ५ लाख रुखका बिरुवा रोप्ने काम भयो । अहिले इन्द्रसरोवर हेर्न जाने प्राकृतिक सौन्दर्यका पिपासुहरु त्यहाँ पुगेर रमाउने गर्छन् ।

संयुक्त राष्ट्रसंघका जिम्मेवार व्यक्तिहरुले जलवायु परिवर्तनका कारण मानव समाजमा रोग-व्याधिहरु बढ्नुका साथै मानवीय विकासमा ठाडो चुनौती पैदा हुँदै गइरहेको तथ्यांक प्रकाशमा निरन्तर ल्याइरहेका छन् । नेपाल सरकारले पनि वन संरक्षण र संवर्द्धनका लागि प्रशंसनीय कार्यहरु सम्पादन गरिरहेको छ । संयुक्त अरब इमिरेट्स दुबईमा गत १ दिसम्बरमा त्यहाँ आयोजित कोप-२८ तत्सम्बन्धी हाम्रा प्र.मं. को वजनदार वक्तव्यलाई सम्पूर्ण विश्वले नै सह्राएको छ । तर, जुन गतिमा हामीले जलवायु परिवर्तनको चुनौतीको सामना गर्नुपर्ने हो, त्यो नभई हामीले आफ्नो ध्यान अन्यत्रतर्फ लैजाँदै गरेको अनुभव हुन्छ । हामीले बिर्संदै गइरहेका छौं, मुलुकको अर्थतन्त्र रेमिटेन्स र राजस्वमा निर्भर भए पनि मुलभूत रुपले यो मुलुकको जलवायु र पर्यावरणमा निर्भर गर्छ ।

मुलुकमा जब कुनै ठूलो ऐतिहासिक परिवर्तनका घटनाहरू घट्छन्, स्वभावतः नागरिक चेतना पनि परिवर्तनको वेगसँगै उड्दै मुलुकका आधारभूत आवश्यकताहरुलाई बिर्संदै जान्छ । व्यक्तिगत प्रवर्द्धनका अवसरहरु हात पार्ने खेलमा स्वयंलाई अल्झाउँछ– आफ्ना अनेक अमूल्य सम्भावनालाई तिरस्कृत गर्दै । जसका कारण मुलुकका वास्तविक मूल्य, मान्यता र प्राथमिकताहरू अन्योलको भुमरीमा पर्छन् ।

हेक्का रहोस्, प्रि-मनसुन वर्षाको अभावले नेपालका सम्पूर्ण पहाडी क्षेत्रको जनजीवन धान्ने मकैको खेती यसपटक हुन सकेन । बीउको अभाव, मलको अभाव सिँचाइको अभाव त छँदै थियो । आकाशबाट समयमा खस्ने पानीले समेत हामीलाई छक्कायो । चितवनका केराबारी र मेवाका बोटहरु हावाहुरीका कारण धर्तीमा लम्पसार परे । कल्पना गर्नुस् त, ती किसानको सपना ! वर्षा लागेपछि अविरल वर्षा हुन्छ– बाढी, पहिरो र भू-क्षयले प्रभावित क्षेत्रहरुको जनजीवन बर्बाद हुन्छ । सरकारलाई सहयोग जुटाइदिने थप जिम्मेवारी बोक्नुपर्ने हुन्छ । कैयौं मानिसको ज्यान, धनमाल र गाईवस्तु नाश हुन्छन् । सामान्य तरिकाले चलिरहेको मानव जीवनले अरण्यरोदन गरेर बाँच्नुपर्ने अवस्था आउँछ । हिजोका सुक्खा जमिनहरूमा ताल जम्छ । रोग फैलिन्छ र हामी सधैं गरिबीको अवस्थाबाट गुज्रिन बाध्य बन्छौं ।

जलवायु परिवर्तनले मात्र हामीले विगतको गर्मी झेल्नुपरेको होइन । वन-विनाश, डोजरे विकास, बोटबिरुवा रोप्न हेलचेक्र्याइँ, नदीका मुहानहरूको प्रदूषण, प्रकृतिप्रतिको अभूतपूर्व शोषण र स्वार्थपूर्तिका लागि प्रकृतिको दोहन आदि धेरै कारणले गर्दा मुलुकभित्रको जलवायु सन्तुलित धारमा टिक्दैन । ४ हजारभन्दा बढी ठूलठूला नदी/खोलाहरूले सिञ्चित हाम्रो शीतल भूमिको शोभामा ह्रास नहोस/नआओस् भन्ने हेतुले विकास निर्माणका लागि काटिएका असंख्य रूखको कटानको क्षतिपूर्ति १ बराबर १० रुख रोप्ने सरकारको प्रतिबद्धता कहाँ गयो ?

विगत केही समयसम्म नेपाल सरकारको वन विभागले वृक्षारोपणका लागि बिरुवाहरू निःशुल्क उपलब्ध गराउँथ्यो र हामी समाजसेवीहरू तिनै बिरुवा लिएर कहिले स्वयम्भूको डाँडामा, कहिले बुढानीलकण्ठ र कहिले धुलिखेलका डाँडाहरूमा रोप्न जान्थ्यौं । एकचोटि त पाटन संयुक्त क्याम्पस परिसरमै वृक्षारोपणको कार्यक्रम सम्पन्न गरियो । साथीभाइसँग कोदालो बोकेर रानीवनका वरिपरि पनि रुख रोपेको स्मरण छ । तिनताका रुख काटिए पनि असंख्य मात्रामा रुख रोप्ने चलन थियो, संस्कृति थियो । अन्तर्राष्ट्रिय वातावरण दिवस मनाउने र वृक्षारोपणको संस्कृति फैलाउने उद्देश्य हुन्थ्यो हामी युवाहरूको । रुख रोप्ने अभियानलाई वन विभाग वा अन्य संघ-संस्थाहरूले प्रोत्साहन गर्न चुक्न हुँदैन ।

भोलिको सुन्दर शान्त र हरियालीले भरिपूर्ण नेपाल विश्वमै एउटा नमुना मुलुक बन्ने निश्चित छ । जलवायु परिवर्तनको प्रकोप घट्दै जानेछ । प्रकृतिसँग तादात्म्यतापूर्वक हामी दीर्घजीवन, निरोगी जीवन, स्वस्थकर वातावरणमा बाँच्न सक्नेछौं । असार आउँदै छ, वृक्ष रोपौं, वनको संरक्षण गरौं । जलवायु परिवर्तनले सिर्जना गरेका नकारात्मक असरबाट बच्न सिकौं, सिकाऔं ।

राष्ट्रिय तथ्यांक विभागले गरेको जलवायु परिवर्तनको एउटा अनुसन्धानात्मक सर्वेक्षण (२०२२) अनुसार जलवायु परिवर्तनले प्रभाव पार्ने क्षेत्रहरूको यस प्रकार पहिचान गरिएको छ- सामुदायिक जीवन, यातायात, जलस्रोत, पर्यावरण, कृषि, स्वास्थ्य र अर्थतन्त्र । जलवायु परिवर्तनका कारण देशमा गर्मी बढ्ने, अतिवृष्टि हुने, सुक्खा हुने, भू-क्षय हुने, बाढी आउने, डढेलो लाग्ने र सबैभन्दा बढी यसले कृषिक्षेत्रलाई प्रभावित पार्ने भनिएको छ । अनाज कम पैदा हुने, खाद्य सुरक्षालाई प्रभावित पार्ने र मानिसको जीवनलाई विश्रृंखलित पार्ने आदिका साथै कृषिबालीहरूमा रोग लाग्ने, गाईवस्तुलाई रोग लाग्ने आदि उल्लेख्य छन् ।

कोप-१८ मा प्र.म.का दमदार ऐतिहासिक अभिव्यक्तिले नेपालप्रतिको विश्वको सोचमै धेरै उथल-पुथल नल्याएको होइन, तर प्र.म.ले जलवायु परिवर्तनबाट सुरक्षित रहन देशवासीले अपनाउनुपर्ने म्यापबारे पनि केही जानकारी सार्वजनिक गरिदिनुभएको भए हामी त्यस विषयमा अझै प्रबुद्ध हुन सक्थ्यौं जस्तो लाग्छ ।

मन्त्रालयहरूमा ए.सी. चलाएर बस्नेहरूलाई जलवायु परिवर्तनले देशमा निम्त्याएको जोखिमबारे जनचेतना फैलाउन के गर्नुपर्छ भन्ने विचार फुरिदिए हुन्थ्यो । त्यसतर्फ नेपाल सरकारले कस्ता दिगो कार्यक्रमहरूको ढाँचा तयार गरेको छ त्यो स्पष्ट रुपमा जनसमक्ष ल्याइदिए हुन्थ्यो ! हावापानी, वातावरण, पर्यावरण र प्रकृतिप्रतिको मानवजातिको प्रेम र दायित्वबारे सर्वसाधारण जनसमूहले जानकारी प्राप्त गरी त्यो ज्ञानलाई आफ्नो दैनन्दिनको व्यवहारमा प्रतिविम्बित गरिनुपर्ने स्तम्भकारको धारणा छ ।

धेरैजस्तो अन्तर्राष्ट्रिय दिवस र वर्षहरू कर्मकाण्डी रूपमा हामीले मनाउने परम्परा हुर्केको देखिन्छ । यहाँसम्म कि स्वदेशकै धेरैजसो वर्ष र दशकहरु घोषणाकर्ताकै घोषणापत्रमा सीमित रहने गरेको पाइन्छ । बजेटबिना कुनै कामै नहुने विश्वास गढेको छ कर्मचारी र कार्यकारीहरूका मनमा । डा. महावीर पुनको प्रयासका कथा कोही सुन्नै नचाहने ! हालसालै शिक्षामन्त्री सुमना श्रेष्ठले भन्नुभएको छ, नेपाल सरकारले कुनै कार्यक्रम गर्नु छ भने किन पाँचतारे होटलै चाहिने ? सिंहदरबारभित्रै भव्य सभाकक्षहरू छन्, त्यहाँ किन नगर्ने ? कार्यक्रम अझै प्राज्ञिक वा ज्ञान-विज्ञानसँग सम्बधित विषय नै हो भने त्यस्ता विषयउपरको छलफलका लागि त्रिविका प्रेक्षालयहरूमा किन नगर्ने ? मितव्ययिता पनि भयो, उपादेयता पनि भयो ।

हामी नेता हौं, नेपाली जनताले निर्वाचित गरेका । हाम्रो सम्पूर्ण उत्तर दायित्व नेपाली जनताप्रति निर्देशित हुनुपर्छ । नेपाली जनताको जीवन कृषि, पर्यटन र सीमित उद्योगहरुमा उपलब्ध रोजगारीहरुमा निर्भर छ । तसर्थ, हामीले आफ्नो सकल ध्यान त्यतातिर पुऱ्याउन जरुरी छ जस्ता स्पष्ट धारणा लिएर आफ्नो कार्यालय वा संसद्मा प्रवेश गर्नुपर्छ हाम्रा नेता वर्गले । जनताप्रतिको गैरजिम्मेवारीपूर्ण र हेय दृष्टिकोणले नेतृत्वमा साख देखाएर बस्नेहरूलाई तह लाउने ताकत पनि उनै जनतामा छ । यी त प्रायः सधैं भनिराखेका कुरा हुन्, आजको आलेखको बिटमा यत्ति नै भन्नु छ, जलवायु परिवर्तनप्रति चनाखो रहेर प्रकृतिसँग प्रेम गरौं । हाम्रो अर्थतन्त्र प्रकृतिमै निहित छ । *(स्रोतः कारोबारदैनिक)*

## भूटनदेवीमा दुईदिने आँखा शिविर

# एकजना विद्यार्थीको आँखामा मोतिविन्दु पहिचान

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-४ स्थित भूटनदेवी माविमा सञ्चालित दुई दिने आँखा शिविर सम्पन्न भएको छ। भूटनदेवी एल्मुनाई एसोसिएसन, रोटरी क्लब अफ हेटौंडा, भूटनदेवी माध्यमिक विद्यालय र हेटौंडा सामुदायिक आँखा अस्पतालको संयुक्त आयोजनामा शुक्रबार र आइतबार आँखा शिविर भएको हो ।

दुई दिने शिविरमा ९ सय ४२ जनाको आँखा जाँच गरिएको छ । जाँच गराएकामध्ये ८० जनाको आँखामा समस्या देखिएको छ भने एकजना विद्यार्थीको आँखामा मोतिविन्दु देखिएको जनाइएको छ । शिविरको पहिलो दिन विद्यालयका कक्षा ७ र ८ का ३ सय ८७ जना विद्यार्थीको आँखा जाँच गरिएको थियो । जसमा ३७ जना विद्यार्थीको आँखामा समस्या देखिएको थियो। दोस्रो दिन कक्षा ९ र १० का ५ सय ५५ जना विद्यार्थीको आँखा जाँच गरिएको हो। जाँच गराएकामध्ये ४३ जनाको आँखामा समस्या देखिएको छ।

शिविरमा हेटौंडा अस्पतालका ५-५ जना डाक्टरको टोलीले छुट्टाछुट्टै आँखा जाँच गरेको थियो। विद्यार्थीको आँखाको समस्या पहिचान गर्ने र समयमै जाँच गर्ने उद्देश्यले शिविरको आयोजना गरिएको हो। आँखामा समस्या देखिएका विद्यार्थीले अभिभावकको सम्पर्कमा अस्पतालमा निःशुल्क आँखा जाँच गर्न सक्ने व्यवस्था मिलाइएको छ। शिविर समापन कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष फुर्वा दोर्जे लामाको प्रमुख आतिथ्य रहेको थियो भने विद्यालयका प्रधानध्यापक माधवप्रसाद दाहालको सभाध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा प्रमुख अतिथि लामाले स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने भन्दै नियमित रुपमा चेकजाँच गर्न आवश्यक रहेको बताउनुभयो। कार्यक्रममा १० जना प्राविधिकलाई मायाको चिनो प्रदान गरी सम्मान गरिएको थियो। यस्तै, कार्यक्रममा रोटरी क्लब अफ हेटौंडाका अध्यक्ष स्वागतराज प्याकुरेल र विद्यालयका पूर्वप्रधानाध्यापक विशालकुमार बिडारीको आतिथ्य रहेको थियो । विद्यालयमा यसअघि दन्त शिविरको आयोजना गरिएको थियो ।

# चैनपुर जेसीजका नयाँ सदस्यलाई तालिम

**समाज संवाददाता**

हेटौंडाः मकवानपुरको पश्चिमी क्षेत्रमा सक्रिय चैनपुर जेसीज मनहरीले नयाँ सदस्यका लागि तालिमको आयोजना गरेको छ । शनिबार सदस्यका लागि पूर्वपरिचात्मक तथा अभिप्रेरणामूलक तालिमको आयोजना गरिएको हो । राजु सुवेदीको संयोजकत्व एवम् चैनपुर जेसीज मनहरी वर्ष सन् २०२४ का अध्यक्ष र विन ढकालको अध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिका ३ नम्बर वडा अध्यक्ष अनन्तप्रकाश अर्यालको प्रमुख आतिथ्य रहेको थियो ।

वडा अध्यक्ष अर्यालले युवाहरुको संस्था जेसीजसँग सहकार्य गर्दै अघि बढ्न वडा कार्यालय र मनहरी गाउँपालिका तयार रहेको बताउनुभयो । जेसीजबाट राजनीतिक दल तथा अन्य संघसंस्थाले समेत "एक व्यक्ति, एक बर्ष, एक कार्यकाल" को विषयलाई सिकाईको विषय बनाउनुपर्ने धारणा राख्नुभयो। कार्यक्रममा संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारीले चैनपुर जेसीज मनहरीलाई मकवानपुरको पश्चिमी क्षेत्रका युवाहरुको साझा संस्था बनाउने योजना रहेको बताउँदै जेसीज अभियानमा जोडिन युवाहरुलाई अनुरोध गर्नुभयो ।

सहभागीलाई जेसीआई हेटौंडाका पूर्वअध्यक्ष दीपकराज मिश्रले सहजीकरण गर्नुभएको थियो। अध्यक्ष रविन ढकालले जेसीजमा आवद्ध हुन खोजेका युवालाई समेट्दै आफ्नो योजना अनुसार काम गरिने बताउनु भयो । कार्यक्रममा सहभागीको तर्फबाट ओमकुमार मगर र कृष्णप्रसाद खनालले आफ्नो अनुभव राख्नुभएको थियो। २५ जना युवाहरु चैनपुर जेसीज मनहरीमा आवद्ध हुन चाहेको जेसीजका महासचिव कृष्णप्रसाद ढकालले जानकारी दिनुभयो । अघिल्लो बर्ष बुटवलमा भएको नेपाल जेसीजको ५० औं महाधिवेशनबाट चैनपुर जेसीज मनहरीले पूर्णता प्राप्त गरेको थियो ।

बागमती प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
प्रदेश युवा परिषद्को कार्यालय, हेटौँडा, नेपाल
प्रदेश युवा परिषद, बागमती
PROVINCE YOUTH COUNCIL, BAGAMATI

**युवा प्रतिभा पहिचान सम्बन्धी सूचना**

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८१।०२।२७ गते*

यस कार्यालयको आ.ब. २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम '**युवा प्रतिभा पहिचान**' तथा संघीय शसर्त अनुदान अन्तर्गतको "**नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन**" कार्यक्रम कार्यान्वयनका लागि "युवा प्रतिभा पहिचान, युवा उद्यमी खोज तथा नवप्रवर्तन र उद्यममा आधारित रोजगार, सम्बृद्ध प्रदेशको बलियो आधार" भन्ने मूल नारालाई सफल बनाउन सहभागी हुन चाहने युवाहरुका लागि यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस परिषद्ले तोकेको निम्न परिधि भित्र रही कार्य गर्नेगरी परिषद्को वेवसाइट, परिषद्को फेसबुक पेज, ईमेल तथा परिषद्को कार्यालयबाट अनलाइन फर्म भरी सहभागी हुन अनुरोध गरिन्छ ।

**निम्न**:
१) सहभागी बागमती प्रदेशमा बसोवास गर्ने बासिन्दा तथा १६-४० उमेर समुह हुनुपर्नेछ ।
२) प्रस्ताव तयार गर्दा नेपाल सरकार, बागमती प्रदेश सरकारले तोकिएको प्राथमिकताको विषयमा आधारित भएर व्यावसायिक प्रस्ताव तयार गर्नुपर्नेछ। व्यावसायिक प्रस्ताव तयार गर्दा प्रस्तावको स्ट्याण्डर्ड फर्मेटमा तयार गर्नुपर्नेछ।
३) सहभागीले कुनै एक विजनेस आइडियाको प्रस्ताव तयार गरी अनलाईन निवेदन साथ त्यसको सफ्ट र हार्डकपी तयार गरी पेश गर्नुपर्नेछ।
४) बागमती प्रदेशका १३ जिल्लाबाट प्रस्तावको आधारमा छनौट हुने उत्कृष्ट ३० (तीस) सहभागीहरुलाई मिति २०८१।०३।०८ गते जानकारी गराइनेछ। कार्यक्रम मिति २०८१।०३।११ गतेबाट ४ (चार) दिन हेटौंडामा सञ्चालन गरिनेछ।
५) तालिममा उत्कृष्ट प्रस्तुती गर्ने ५ (पाँच) सहभागीलाई स्टार्ट अप पुँजीको रुपमा पुरस्कार स्वरुप रु. १,२५,०००।०० (अक्षरुपी एक लाख पच्चीस हजार रुपैयाँ) रकम उपलब्ध गराइनेछ। जसबाट सहभागीले व्यवसाय सञ्चालन गर्नुपर्नेछ। व्यवसाय संचालन नगरेमा उक्त रकम परिषद्मा फिर्ता गर्नुपर्नेछ।
६) थप सर्तहरु लागू हुनेछन् ।

अन्य विस्तृत जानकारीका लागि परिषद्मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**प्रदेश युवा परिषद्**
**बागमती प्रदेश, हेटौंडा**
**फोन नं. ०५७-५२०२०६, मोवाइल नं. ९८५५०५९२०६**
gmail: pycbagamati@gmail.com,
info.pyc@bagamati.gov.np
**वेवसाइट** pyc.bagamati.gov.np

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## सुनुवार जाति एक परिचय

**रोमिस्का सुनुवार**

सुनुवार जाति पूर्वी नेपालको सुनकोशी खिम्तीखोला आसपासको ओखलढुङ्गा, रामेछाप र दोलखा तथा सिन्धुली जिल्ला लगायत पूर्वी नेपालका जिल्लाहरूमा बसोबास गर्ने किराती वंशावली मध्यको ओल्लो किराँती समुदायमा पर्ने आदिवासी जनजाति हुन् । सुनुवार जातिको आफ्नै किसिमको मौलिक परम्परा, संस्कृति, संस्कार, भाषा, धर्म र भेषभूषा छन् । सिङ्गो सुनुवार समुदायले मनाउने चाडपर्वहरु विशेषगरी वैशाखे पूर्णिमा, उभौली पर्व र मङ्सिरे पूर्णिमा, उधौली पर्व रहेका छन्। सुनुवार आदिवासी जनजाति मूलतः प्रकृतिपूजकको रुपमा चिनिन्छन्। लिखित वा अलिखित प्रमाणहरूको आधारमा भन्नुपर्दा सुनुवार जाति सुनार नभएर सुनुवार भएको समेत पुष्टि हुन्छ । सुनुवार जातिको धार्मिक ग्रन्थ र पौराणिक कथन अनुसार ऐतिहासिक पृष्ठभूमिलाई अध्ययन गर्ने हो भने धार्मिक ग्रन्थको रुपमा मुन्धुम ग्रन्थलाई लिन सकिन्छ। मुन्धुम शास्त्र खासगरी सुनुवार जातिको आफ्नै ग्रन्थ हो। सुनुवार जातिमा विभिन्न थर उपथर पनि हुन्छन् । जस्तै देववाचा, रापचा, थलोज, नासोच, ब्रह्मलीच, प्रगाचा लगायत करिब २५० वटा जति थरहरू हुन्छन् ।

**क) जन्म संस्कार**: सुनुवार जातिमा घरकी श्रीमती गर्भवती भइसकेपछि कोदोको जाँड अर्थात् सगुन राख्ने चलन छ। मुन्धुमी संस्कार अनुसार गाउँको देवी देवता र घरको पीतृलाई भाकल गरी राम्रो होस् भनी नासोद्वारा पूजा आराधना गरिन्छ। नवजात शिशुको जन्म भइसकेपछि नासो अर्थात् पुजारी पुरोहितलाई बोलाई छोरी भए नौ दिन र छोरा भए ११ दिनमा पूजा आराधना गरी न्वारान गर्ने चलन रहेको छ ।

**ख) अन्नप्राशन्न**: सुनुवार जातिका मुन्धुमी शास्त्र अनुसार नासोलाई झिकाई छोरा वा छोरीको भात खुवाई गर्दा छोरी भएमा पाँच महिना र छोरा भए छ महिनामा अन्नप्राशन्न अर्थात् सुनवारी भाषामा भन्नुपर्दा खमेउम्चा गर्ने चलन रहेको छ।

**ग) विवाह संस्कार**: सुनुवार समुदायमा विशेषगरी विवाह अर्थात् ग्याँबे शुभ कार्य गर्दा खासगरी मुन्धुमी संस्कार र विधिअनुसार नै गरिन्छ। साथसाथै यस समुदायमा मागी विवाह भागी विवाह वा राजी खुसीको विवाह गर्ने प्रचलन पनि रहेको पाइन्छ।

**घ) मृत्यु संस्कार**: सुनुवार समुदायमा मृत्यु संस्कार कार्य गर्दा एक दिनभित्र काजकिरिया गर्ने चलन रहेको छ । यस कार्य गर्दा पनि नासो अर्थात् पुरोहितलाई बोलाइन्छ मुन्धुमी शास्त्र र विधि विधान अनुसार यो कार्य गरिन्छ मृत्यु संस्कार गर्दा १० दिन भएपछि चोख्याउने र नुन खाने गरिन्छ । परिवारमा कुनै पनि ज्येष्ठ नागरिक जवान वा बालबालिकाको मृत्यु भएमा चार पाँच दिन पुगेको दिनमा पोइँब/ग्याँमी (पुरुष झाँक्री/महिला झाँक्री) लाई झिकाई मृत आत्मालाई मुन्धुमी शास्त्र अनुसार विधिविधान गरी देउ पीतृ वा कुलपीतृसँग मिलाएर राख्ने गरिन्छ । यस कार्यलाई छेगु पिधार गर्ने पनि भनिन्छ ।

निष्कर्षमा भन्नुपर्दा यसरी सुनुवार समुदायमा गरिने चारवटा संस्कारलाई विधिवत रुपमा समापन गर्ने प्रचलन रहेको छ।

*कक्षा-७*

## आमाबुबाको प्रश्न



**प्रसिद्धि केसी**

मैले पढेको पुस्तकको नाम आमाबुबाको प्रश्न रहेको छ। यो पुस्तक घनेन्द्र ओझाले अनुवाद गर्नुभएको हो । यस पुस्तकको मूल विधा बालबालिकालाई बुझ्न सिकौँ रहेको छ भने यो पुस्तक प्रालिबाट प्रकाशनमा ल्याइएको हो । यो पुस्तक पहिलो पटक २०७६ सालमा प्रकाशनमा आएको हो । यस किताबमा जम्मा १०५ पाना रहेका छन् यो पुस्तकको आईएसबीएन नम्बर ९७८ ९९ ३७८ ३६ २९ हो । हामीले यो पुस्तक २४९ मा बजारबाट सजिलै किन्न सक्छौं ।

यस पुस्तकमा लेखकको लेख्ने तरिका सरल, स्पष्ट र शालिन रहेको छ। लेखकले अहिलेसम्म आमाबुबाको प्रश्न, आफ्नै मान्छेहरू, हराएपछि फेला परेको मान्छे जस्ता उत्कृष्ट कृतिहरू अनुवाद गरिसकेका छन् । यसमध्ये आमाबुबाको प्रश्न पहिलो अनुवाद कृति हो । यस पुस्तकभित्र पढ्नुपर्ने अभ्यासहरू धेरै रहेका छन्। समाजमा हुने गरेका विभिन्न घटनाहरूलाई परिकल्पनामा उतारेर लेखकले यस पुस्तकमा आफ्नो अनुभव, विचार र भोगेका कुराहरू लेख्नुभएको छ। यस पुस्तकको आकार सामान्यतया साधारण आकारको छ । यस पुस्तकको गातामा चारवटा मयुरको चित्र रहेको छ। पुस्तकको पछाडिको गातामा लेखक स्वयंको व्यक्तिगत परिचय लेखिएको छ। पुस्तक नेपाली भाषामा लेखिएको हुनाले यसमा लेखिएका शब्दहरू बुझ्न सजिलो खालका रहेका छन् ।

यस पुस्तकले आमाबुबाले आफ्नो छोराछोरीसँग उचित समय बिताउनुपर्छ। उनीहरुलाई कुनै किसिमको दबाब दिनु हुँदैन । उनीहरुलाई आफ्नो साथी जस्तो व्यवहार गर्नुपर्छ । आफ्नो रुचि आफ्नो निर्णय आफै गर्न दिनुपर्छ भन्ने सन्देश दिन खोजिएको छ । आमाबुबाले आफ्नो कर्तव्य साथसाथै आफूले सन्तानप्रति गर्नुपर्ने जिम्मेवारीलाई पनि यस पुस्तकले महत्वको साथ उठाएको छ । मलाई यो पुस्तक पढ्दा रमाइलो र धेरै कुराहरू महत्वपूर्ण लागे, नयाँ विचारहरूलाई आत्मसाथ गरेँ। यस पुस्तकले मनोरञ्जन आत्मसन्तुष्टि र स्वास्थ्य लाभका कुराहरू पनि सिकाएको छ । आफूलाई विश्वास गर्नुपर्ने कुराहरुलाई पनि यस पुस्तकले महत्वको साथ उठाएको छ ।

यस पुस्तकले समाजका विभिन्न समस्याहरूलाई विचार गर्न सिकाएको छ । आफैमा खुसी हुन सिकाएको छ, साथसाथै मनोरञ्जन प्रदान गर्ने भएकाले मलाई यो पुस्तक साह्रै मनपऱ्यो । यो पुस्तक परिवारका लागि महत्वपूर्ण विषयहरू लेखिएको हुनाले एकपल्ट सबै साथीभाइ लगायत आमाबुबाहरुलाई पढ्न सुझाव दिन्छु। यस पुस्तक पढेर हामीले आफ्ना कक्षाका किताब बाहेक बाहिरी ज्ञान पनि प्राप्त गर्न सक्छौ र हामीले आफ्नो व्यवहारमा सुधार पनि गर्न सक्छौं ।

र अन्तमा यस पुस्तकको बारेमा म केही भन्न चाहन्छु कि यसमा लेखिएका अक्षरहरू कहीँ कतै प्रष्ट छापिएका छैनन् त्यसकारणले गर्दा पढ्नलाई अलि असजिलो भएको छ र अर्को पटकको छपाइमा ती अक्षरहरु सुधारिएर छापियोस् भन्ने चाहन्छु ।

*कक्षा-८*

## चित्रकला




**आरुसी काफ्ले**
**कक्षा-५, तारा**

# बालज्योति माविमा निर्वाचन, क्याप्टेनमा मुकेश र सजना निर्वाचित



विद्यालय क्याप्टेन र सदन क्याप्टेन निर्वाचित विद्यार्थी ।

समाज संवाददाता

हेटौँडा: हेटौँडा-५, पिप्लेस्थित बालज्योति माविमा विद्यार्थी नेतृत्व चयनका लागि निर्वाचन भएको छ । आइतबार भएको निर्वाचनमा २१८ मतसहित छात्रतर्फ मुकेश साह र २०८ मतसहित छात्रातर्फ सजना सिंजाली विद्यालय क्याप्टेन पदमा निर्वाचित हुनुभएको छ ।

यस्तै सदनगत क्याप्टेनमा निलो सदनमा ५८ मतसहित श्रीया सापकोटा, रातो सदनमा ७९ मतसहित राधिका चौधरी, पहेँलो सदनमा ६७ मतसहित अश्विन न्यौपाने र हरियो सदनमा ९३ मतसहित आरती कुशवाह निर्वाचित हुनुभएको छ । विद्यार्थीलाई निर्वाचनको प्रक्रिया र महत्व बुझाउन तथा विद्यालयका प्रतिनिधि विद्यार्थी चयनका लागि निर्वाचन गरिएको विद्यालयले जनाएको छ ।

आम निर्वाचनकै झल्को दिने गरी विद्यालयले निर्वाचन आयोगको समेत सहयोगमा निर्वाचन कार्यक्रम गरेको हो । ४ कक्षादेखि १० कक्षासम्मका विद्यार्थीलाई मताधिकार रहने र ८ र ९ कक्षा विद्यार्थी मात्रै उम्मेदवार बन्न पाउने व्यवस्था गरिएको थियो । ४ कक्षादेखि १० कक्षासम्म अध्ययनरत ७ सय ७५ जना विद्यार्थी मतदाता मध्ये ६ सय ६७ विद्यार्थीले मतदान गरेको विद्यालयका प्रधानाध्यापक भरत अर्यालले जानकारी दिनुभएको छ । निर्वाचनमा सदनगत मतदान गरिएको थियो ।

निर्वाचन कार्यक्रमका लागि विद्यालयका अतिरिक्त क्रियाकलाप संयोजक अमित क्षेत्रीको संयोजकत्वमा ७ सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो । "विद्यार्थीमा नेतृत्व र व्यक्तित्व विकास समेत होस् र निर्वाचनको प्रक्रियाका बारेमा समेत जानकारी गराउने उद्देश्यले विद्यालयले पहिलो पटक निर्वाचनको अभ्यास गरिएको हो", प्रधानाध्यापक अर्यालले भन्नुभयो, "विद्यालयका शिक्षक, कर्मचारीको साथ, सहयोगमा निर्वाचन सम्पन्न भएको छ । आइतबार नै नतिजा सार्वजनिक गरेर विद्यार्थी प्रतिनिधि चयन गरेका छौं ।"

निर्वाचन कार्यक्रमअन्तर्गत मतदानको समयमा वडाका जनप्रतिनिधि, शिक्षा विकास तथा समन्वय इकाई, राष्ट्रिय परीक्षा बोर्डका पदाधिकारी, अभिभावक, विद्यालय सेवा क्षेत्रका सचेत वर्गले पर्यवेक्षण समेत गरेको उहाँको भनाइ छ ।

छात्रतर्फ क्याप्टेनका लागि ५ जनाको उम्मेदवारी परेको थियो भने छात्रातर्फ ४ जनाको उम्मेदवारी परेको थियो । निर्वाचनको समग्र प्रक्रिया बुझाउने उद्देश्यले जेठ २० गते नै मतदाता नामावली प्रकाशन, उम्मेदवारी दर्ताको प्रक्रिया पूरा गरिएको थियो । आम निर्वाचनमा प्रयोग हुने म्यादी प्रहरीको समेत अभ्यास गर्ने गरी स्काउटका विद्यार्थीलाई म्यादी प्रहरी बनाइएको थियो । जेठ २१ गते उम्मेदवारमाथि दावी-विरोध गर्ने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने, उम्मेदवारलाई चुनाव चिन्ह प्रदान गर्ने कार्य गरिएको थियो ।

जेठ २१ गते दिनको ४ बजेदेखि २५ गतेसम्म दिउँसो १२ बजेर ३० मिनेटसम्म प्रचारप्रसारको समय तोकिएको थियो भने जेठ २५ गते दिउँसो साढे १२ बजेदेखि मतदान गर्ने समयसम्मका लागि मौन अवधि तोकिएको थियो । आइतबार बिहान १० बजेर ३० मिनेटदेखि दिउँसो १ बजेसम्म मतदानको समय तोकिएको थियो । पहिलो बर्षको प्रयास उत्साहजनक रहेको र आगामी दिनमा अझ व्यवस्थित रुपमा निर्वाचनको अभ्यास गरिने प्रधानाध्यापक अर्यालको भनाइ छ ।

# प्रदेशका २ जिल्लामा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडा: बागमती प्रदेशका २ जिल्लामा ३ जनाको मृत्यु भएको छ । प्रदेशको धादिङ र चितवन जिल्लामा ३ जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । धादिङ जिल्लाको थाक्रे गाउँपालिका वडा नम्बर २ स्थित हुलाकडाँडामा एक जना पुरुष र चितवन जिल्लाको भरतपुर महानगर पालिका वडा नम्बर ३ स्थित आधारभुत स्वास्थ्य केन्द्रको भवनको बरण्डामा एक पुरुष मृत्य फेला परेका हुन् भने चितवन जिल्लाको कालिका नगरपालिका वडा नम्बर ८ मा रुखबाट लडी एक पुरुषको मृत्यु भएको हो ।

धादिङको थाक्रे गाउँपालिका वडा-२ स्थित हुलाकडाँडामा एक पुरुष मृत फेला परेको प्रहरीले जनाएको छ । प्रहरीअनुसार पृथ्वी लोकमार्ग अन्तर्गतको सडक किनारबाट ३ मिटर तल सोही स्थान बस्ने ४५ वर्षीय वसन्त राईको शव फेला परेको हो । घोप्टो परेको अवस्थामा राईको शव फेला परेको प्रहरीले जनाएको छ । राईको शव पोस्टमार्टमका लागि काठमाडौंस्थित टिचिङ अस्पताल पठाइएको पहरीको भनाई छ ।

यस्तै भरतपुर-३ स्थित आधारभुत स्वास्थ्य केन्द्रको भवनको बरण्डामा ५५ वर्षीय टेक बहादुर तामाङ मृत फेला परेका हुन् । वडा नम्बर ३ कार्यालयको भवन साईडमा रहेको किरियापुत्री बस्ने भवनमा बसी कवाड बटुल्ने काम गर्ने तामाङ सुतेको अवस्थामा मृत फेला परेका प्रहरीले जनाएको छ । तामाङको शव पोस्टमार्टमका लागि भरतपुर अस्पतालमा राखिएको छ भने घटनाबारे थप अनुसन्धान कार्य भइरहेको प्रहरीको भनाई छ ।

यस्तै, चितवन जिल्लाको कालिका नगरपालिका वडा नम्बर ८ मा रुखबाट लडी एक पुरुषको मृत्यु भएको छ । कालिका नगरपालिका स्थित उदयपुर सामुदायिक वनमा घाँस काट्ने क्रममा कालिका-८, चिसापानी बस्ने ५४ वर्षीय लालजंग गुरुङको रुखबाट लडी मृत्यु भएको प्रहरीले जनाएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

# ५ सयभन्दा बढीले लिए निःशुल्क स्वास्थ्य सेवा

समाज संवाददाता

हेटौंडा: कैलाश गाउँपालिका-३, कालिटार स्थित कटुञ्जे स्वास्थ्य चौकीमा भएको निःशुल्क स्वास्थ्य शिविरमा ५ सयभन्दा बढी सेवाग्राहीले स्वास्थ्य सेवा प्राप्त गरेका छन् । शनिबार भएको शिविरमा ५ सय २७ जनाको स्वास्थ्य जाँच गरेको गाउँपालिकाका स्वास्थ्य प्रमुख सुधीर कुसवाहले जानकारी दिनुभयो ।

गाउँपालिकाको स्वास्थ्य शाखाको आयोजनामा शिविर भएको हो । वृहत् स्वास्थ्य शिविरको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि गाउँपालिकाका अध्यक्ष लोकबहादुर मोक्तान हुनुहुन्थ्यो । मोक्तानले डाक्टरलाई रक्तचाप मेसिन हस्तान्तरण गर्दै रक्तचाप जाँच गरेर शिविरको उद्घाटन गर्नुभएको हो । शिविरमा छाला तथा यौन, स्त्री तथा प्रसुति, जनरल मेडिसिन, हाडजोर्नी तथा नसा, भिडियो एक्सरे र नाक, कान तथा घाँटीको जाँच गरिएको थियो । स्वास्थ्य जाँच गराएका धेरै सेवाग्राहीलाई छाला र हाडजोर्नीको समस्या देखिएको हो । गाउँपालिकाका स्वास्थ्य प्रमुख कुसवाहका अनुसार जाँच गराएका प्रायःलाई सामान्य किसिमको समस्या देखिएको थियो भने करिब २० प्रतिशतलाई अस्पतालमै गएर जाँच गर्नुपर्ने अवस्था देखिएको थियो । शिविरमा हेटौंडा अस्पताल र मनहरी अस्पतालका ५ जना डाक्टरको टोलीले स्वास्थ्य जाँच गर्नुभएको थियो । शिविरमा कैलाश गाउँपालिकाको प्राविधिक सहयोग तथा कैलाश-१०, भाल्टारमा रहेको बालविकास कार्यक्रम नेपालको व्यवस्थापन रहेको थियो ।


## कर्मचारी सञ्चय कोषबाट धितोमा आधारित सापटी लिएका सञ्चयकर्तालाई ऋणको साँवा तथा ब्याजको किस्ता नियमित गर्ने सम्बन्धमा कोषको अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति : २०८१/०२/२८)

कोषबाट विभिन्न मितिमा घर सापटी, शैक्षिक सापटी, जग्गा खरिद कर्जा र घर मर्मत सापटी लिएका ऋणी सञ्चयकर्ताहरुले कोषलाई बुझाउनु पर्ने नियमित किस्ता (साँवा तथा ब्याज) रकम एवं कर्जाको भाखा नाघेका ऋणीहरुले कोषलाई भुक्तान गर्नुपर्ने सम्पुर्ण साँवा ब्याजको रकम यथाशिघ्र यस शाखा कार्यालयमा सम्पर्क गरी बुझाउन हुन सूचित गरिन्छ । सम्झौता अनुसार समयभित्र रकम नबुझाउने ऋणीहरुको नामावली राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरी प्रचलित कानून अनुसार असुली कारवाही अगाडी बढाईने ब्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

KYC अध्यावधिक गरेका सञ्चयकर्ताहरुले ऋण रकमको साँवा/ब्याज रकम www.connectips.com मा Log In गरी Semi Government Payment System को EPF छनौट गरी Connect IPS मार्फत तिर्न सकिने । साथै तल उल्लेखित बैंकमा सम्पर्क गरी सोही बैंक मार्फत तिर्न सकिने ब्यहोरा अनुरोध छ । साथै ग्लोबल आईएमइ बैंक मार्फत ऋण तिर्नुहुने सञ्चयकर्ताहरुले भौचरको सक्कल प्रति यथाशिघ्र यस कार्यालयमा उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

**रकम दाखिला गर्ने बैंकहरुको नाम र खाता नम्बरहरु :**

| क.सं. | बैंकहरुको नाम | खाता नम्वर | कैफियत |
|---|---|---|---|
| १.<br>२.<br>३. | माछापुछ्रे बैंक<br>हिमालयन बैक<br>NIC Asia Bank | कोषको खाता नं. उल्लेख गर्न नपर्ने | बैकमा सम्पर्क गरी बुझाउन सकिने |
| ४. | ग्लोवल आईएमइ बैंक | ३०४०१०१०००१३३० | नगद तथा चेक भौचर मार्फत रकम जम्मा गरि सो को भौचर कोषमा पठाउनु पर्ने । |

Mail Id : hetauda@epf.org.np, Viber No. ९८४०३६७८४१

**भौचर भर्दा अनिवार्य उल्लेख गर्नु पर्ने कुराहरु :-**

१.क.सं.कोष नम्बर, २.UCIN/KYC नम्वर, ३. ऋणीको नाम, ४.ऋणको किसिम (घर सापटी, शौक्षिक सापटी, जग्गा खरिद सापटी र घर मर्मत सापटी, विशेष सापटी), ५. मोबाईल नम्बर

**कर्मचारी सञ्चय कोष**
**शाखा कार्यालय हेटौंडा**
**फोन नं. ०५७-५२४३६४**



## पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि. हेटौडा-२, मकवानपुरको

## धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सुचना

सूचना प्रकाशित मितिः २०८१।०२।२७ गते

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणी एवं धितो जमानीकर्ताले उपभोग गरेको ऋणको साँवा ब्याज र हर्जना रकम तिर्न बूझाउन पर्नेमा हालसम्म नबूझाई ऋण सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा सूचना गर्दा समेत तिर्न बूझाउन पर्ने ऋणको साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तूरको रकम समेत चूक्ता भूक्तानी नगरी बाँकी रहेको हूनाले यो धितो लिलाम सम्बन्धी ३५ दिने सुचना प्रकाशित गरीएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सूरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हून र बोलपत्र खरिद गरी लिन इच्छूक सघं, सँस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानूभावहरुले यो सुचना प्रकाशित भएको मितीले ३५ दिनभित्र आफुले कबोल गरेको रकम तथा सो कबोल रकमको हुन आउने १० (दश) प्रतिशत धरौटी स्वरुप यस पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडामा रहेको महालक्ष्मी बिकास बैकमा रहेको खाता नं. ०५९००१००१६०३८५००००२ जम्मा गरेको सक्कलै भौचर सहित यसै बोलपत्र साथ संलग्न राखी पेश गर्नु हुन एवं ऋणि तथा जमानीकर्ताले सँस्थाको लेना रकम ३५ दिन भित्र चुक्ता गर्नूहून समेत अनुरोध गर्दछौ । अन्यथा सुचना प्रकाशित भएको ३६ औं दिनमा प्राप्त बोलपत्र खोलिने छ साथै लिलाम बिक्रीमा सो सूरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपुर्बक बोलपत्र नपरेमा वा धितोकर्ताले समेत आफूले दिएको जमानतको घरजग्गा फिर्ता लिन ऋणको साँवा, ब्याज, हर्जाना तथा अन्य लागेको दै-दस्तुरको रकम समेत चुक्ता नगरेमा वा चुक्ता गर्न पहल नगरेमा सहकारी सम्बन्धी ऐन, नियमावली, प्रचलित नीति नियम तथा प्रचलित कानुन बमोजिम यस संघको विनियम र नियमावलीले दिएको अधिकार प्रयोग गरी ऋणलाई लेखिदिएको धितो लिलाम विक्री वा धितो सूरक्षण सम्पति यस संस्था आफैले सकार गरी लिने ब्यहोरा समेत सम्बन्धति सबैलाई जानकारी गराईन्छ । धितो लेखिदिएको सम्पती लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दा साबिकमा संस्थाबाट भएको मुल्याकंन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो हाम्रो सम्पतीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजूर बाजूर गर्न पाउने छैन । साथै सूरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस सस्थाको सम्पुर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणि तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई कानुन बमोजिम कालो सूचिमा समाबेश गरिने ब्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराईन्छ ।

**तपशिल**

| ऋणिको विवरण | |
|---|---|
| नाम : रमा कुमारी खड्का<br>बाजेको नाम : गणेश बहादुर खड्का<br>बाबुको नाम : बिर बहादुर खड्का<br>पतिको नाम : केशव घर्ति<br>ठेगाना : हटिया-३, (हाल हटौंडा-१७) मकवानपुर<br>ना.प्र.नं.: ३६४७, मकवानपुर<br>जारी मिति र जिल्ला : २०४२।१२।२७ मकवानपुर |  श्री रमा कुमारी खड्काको नाममा श्री मालपोत कार्यालय हेटौडामा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला साबिक बसामाडी गा.बि.स वडा नं. ७ (हाल हेटौंडा उपमहानगरपालिका वडा नं १९) कित्ता नं. २२८ को क्षेत्रफल १०-०-१-० जग्गा सो को न्युनतम मुल्य रु. १५,००,०००।- (पन्ध्र लाख मात्र) ले चर्चेको लिगलगापात समेत । |

**तपशिल**

**शर्तहरू**

१. बोलपत्र फाराम यस सँस्थाको कार्यालयबाट रु ३००।- (अक्षेरुपी रु तीन सय मात्र) फिर्ता नहूने गरी खरिद गर्न सकिने छ ।
२. बोलपत्र फाराममा आफूले बोल कबोल गरेको रकम अकं र अक्षरमा स्पष्ट उल्लेख गर्नूपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको अचल सम्पतिको बिवरण यस सँस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नूपर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट बिवरण उल्लेख गरी सो को मुल्य अकं र अक्षरमा भर्नूपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिईने छ ।
घ. बोलपत्रमा आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हून आउने रकम यस सस्थांको नाममा रहेको महालक्ष्मी बिकास बैंक लि.को हेटौडा मेनरोडमा रहेको खाता नं. ०५९००१००१६०३८५००००२ मा जम्मा गरेको सक्कल भौचर वा यस सँस्थामा नगदै जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नूपर्नेछ ।
४. लिलाम बिक्री हूने धितो सूरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नू अगावै यस सँस्थाको कार्यालयमा कार्यालय सञ्चालन समय भित्र सम्पर्क राखि जे जस्तो अवस्थामा छ सोहि अवस्थामा निरिक्षण गर्न सकिनेछ । साथै सोहि अवस्था वा परिमाणमा स्वीकार गरी लिनू पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको सुचना पाएको ७ दिन भित्र सम्पूर्ण रकम बूझाई अचल सम्पती आफ्नो नाममा नामसारी गरी लिनू पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुनेछ । नामसारी गर्दा लाग्ने दस्तुर, पूँजिगत लाभकर, पानी बत्ति बिजुली, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ ।
६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कूनै हेरफेर हूने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हूने टूगों नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन ।
७. रित नपूगेको वा म्याद नाघि पेश हून आएको बोलपत्र स्वत रद्द हूनेछ ।
८. बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने र लिलाम सम्बन्धी सम्पुर्ण अधिकार संस्थामा निहित हूनेछ ।
९. बोलपत्र सदर बदर हूनू अगावै ऋणिले सम्पुर्ण रकम बूझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ । धरौटी स्वरुप राखेको रकममा ब्याज दाबि गर्न पाईने छैन ।
१०. उल्लेखित धितोपत्रहरुका लागि एकमुष्ट वा छूट्टा छूट्टै बोलपत्र पेश गर्न सकिनेछ ।
११. लिलाम सुचना प्रकाशित भएको मितीले ३६ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । उक्त दिन बिदा परेमा सो को भोलीपल्ट कार्यालय समयभित्र पेश गर्न सकिनेछ । लिलाम सूचना प्रकाशित मितिले ३६ औ दिन दिउँसो कार्यालय समय भित्र संस्थाको कार्यालयमा बोलपत्र खोलिनेछ । यदि ३६ औं दिनमा सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिनेछ । ३६ दिन सम्म ऋणी वा धितोवालाले सँस्थाको ऋण चूक्ता बुझाई धितो फूकूवा गरी लैजान सक्नेछ ।
१२. प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने ब्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । यदी बोलपत्र पेश गर्ने ब्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न सँस्थालाई बाधा परेको मानिनेछैन ।


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ